लुम्बिनी प्रदेश सरकार

# लुम्बिनी प्रदेश योजना आयोगको सचिवालय

राप्ती उपत्यका (देउखुरी), नेपाल

पत्र संख्या ०८१/८२ मिति:२०८१/१२/२९

चलानी नं. २४८

विषय : प्रदेश विशेष अनुदानतर्फका योजना/कार्यक्रम प्रस्ताव गर्ने सम्बन्धमा।

श्री स्थानीय तह (१०९ सबै),
लुम्बिनी प्रदेश।

"विशेष अनुदान कार्यक्रम संचालन कार्यविधि २०७६ (दोस्रो संशोधन २०८१ समेत)" को दफा ५(२) मा आगामी आर्थिक वर्षमा विशेष अनुदान अन्तर्गत सञ्चालन गरिने आयोजना/कार्यक्रम चालु आ.व.को बैशाख १५ गतेभित्र यस आयोगमा प्रस्ताव पेश गर्नुपर्नेछ भन्ने व्यवस्था भएबमोजिम आ.व. २०८२।८३ का लागि देहाय बमोजिम हुने गरी तोकिएको समयाबधिभित्र आयोजना/कार्यक्रमको प्रस्ताव पेश गर्नुहुन अनुरोध छ।

देहाय

१. विशेष अनुदान कार्यक्रम संचालन कार्यविधि २०७६ मा उल्लेखित प्रावधानका आधारमा छनौट गरी तोकिएका विषय क्षेत्रहरुमा मात्र आयोजना/कार्यक्रमहरुको प्रस्ताव पेश गर्नुपर्नेछ।
२. स्थानीय तहको आधिकारिक पत्रसहित कार्यविधिको अनुसूची १ बमोजिमको ढाँचामा नै आयोजना/कार्यक्रम प्रस्ताव पेश गर्नुपर्नेछ।
३. प्रति आयोजना/कार्यक्रमको लागत रु. ४० लाखमा नबढ्ने गरी बढीमा २ वटा मात्र आयोजना/कार्यक्रम प्रस्ताव गर्नुपर्नेछ।

पुनश्चः १. विशेष अनुदान सम्बन्धी प्रस्ताव आयोगमा सोझै वा आयोगको इमेल ठेगाना **bises.grant@gmail.com** मा पठाउन सकिनेछ।
२. विशेष अनुदान कार्यक्रम संचालन कार्यविधि २०७६ र सोको संशोधन, २०८० र २०८१ यस आयोगको वेवसाइट **ppc.lumbini.gov.np** उपलब्ध छ।

(खिम बहादुर कुँवर)
प्रदेश सचिव

सचिव